# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

**स्वास्थ्य निर्देशनालय**

पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा नेपालको पहिलो प्रादेशिक संक्रामक तथा सरुवारोग अस्पताल, कास्कीको न्यूनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको पहिलो लेखाजोखा सम्पन्न भएको छ। प्रादेशिक संक्रामक तथा सरुवारोग अस्पताल, कास्कीको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखामा ४१% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतव्यक्तिको रुपमा मातृशिशु मितेरी अस्पताल, कास्कीका मेशु डाक्टर धर्मदेव ढकाल, प्रदेश क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेशका नि. निर्देशक डाक्टर रमेश प्रसाद आचार्य, सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका स्वास्थ्य प्रशासक डाक्टर रमेश के.शि., स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र न्युनतम सेवा मापदण्ड कार्यन्वयन अधिकृत उर्मिला बरालको उपस्थिति रहेको थियो। सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय सुशिला सिंखडाको प्रमुख उपस्थिति रहेको प्रस्तुतीकरण कार्यक्रममा सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्माको विशिष्ट उपस्थिति रहेको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, संक्रामक तथा सरुवारोग अस्पतालका कार्यकारी निर्देशक डाक्टर बिकाश गौचन र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका बरिष्ठ जनस्वास्थ्य प्रशासक शम्भु ज्ञवालीले न्युनतम सेवा मापदण्डको प्रभावकारिताको बारेमा मन्तब्य राख्नुभएको थियो भने मातृशिशु मितेरी अस्पताल, कास्कीका मेशु डाक्टर धर्मदेव ढकाल, प्रदेश क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेशका निर्देशक डाक्टर रमेश प्रसाद आचार्य, सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका स्वास्थ्य प्रशासक डाक्टर रमेश के.शि. र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र न्युनतम सेवा मापदण्ड कार्यन्वयन अधिकृत उर्मिला बरालले संक्रामक अस्पतालको समग्र अवस्थाका बारेमा प्रस्तुतीकरण राख्नुभएको थियो। कार्यक्रम अस्पतालका ब्यबस्थापन समितिका अध्यक्षको अध्यक्षतामा संचालन भएको थियो।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार


## यसकारण हुन्छ गर्भावस्थामा बान्ता

https://hd.gandaki.gov.np/list/news/yasakaranae-hanachha-garabhavasathama-bnata




## स्वास्थ्य बीमा बोर्डले तयार पार्‍यो को-पेमेन्ट प्रणालीको कार्यविधि

https://hd.gandaki.gov.np/list/news/savasathaya-bma-bradal-tayara-paraya-ka-pamanata-paranaelka-karayavathha

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

## छाती सम्बन्धी रोगको शिविरबाट झन्डै साढे दुई सय लाभान्वित

पर्वत अस्पतालको आयोजनामा छातीको रोग सम्बन्धी एक दिने निःशुल्क स्वास्थ्य शिविर संचालन भएको छ जसबाट झन्डै साढे दुई सय जना लाभान्वित भएका छन्। उक्त शिविरमा फोक्सोसँग सम्बन्धित श्वासप्रश्वास, दम, निमोनिया र टी.बीका बिरामीहरूलाई लक्षित गर्दै आयोजना गरिएको स्वास्थ्य शिविरबाट बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म गरेर दुई सय ४२ जनाले सेवा लिएका छन्। शिविरमा मणिपाल शिक्षण अस्पताल र ओम हस्पिटल पोखरामा कार्यरत वरिष्ठ छाती रोग विशेषज्ञ डाक्टर सी.पि. आचार्य, मणिपाल शिक्षण अस्पताल पोखरामा कार्यरत इन्टरनल मेडिसिनका चिकित्सक डाक्टर अनमोल पौडेल, पर्वत अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर हेमन्त बास्तोला सहितको स्वास्थ्यकर्मीहरूको टोलीले शिविरबाट सेवा प्रदान गरिएको थियो। शिविरमा ६३ जनाले फोक्सोको जाँच, ४६ जनाले एक्स-रे परीक्षण, ८० जनाले इ.सी.जी सेवा लिएका छन्। स्वास्थ्य परीक्षणको लागि आएकामध्ये धेरैमा श्वासप्रश्वास, छाती दुख्ने र दम रोग सम्बन्धी समस्या देखिएको छ। शिविरमा पर्वत जिल्लाका विभिन्न ग्रामीण क्षेत्रहरूसहित पर्वतसँग सिमाना जोडिएर नजिकै रहेको बागलुङ नगरपालिकाको कैया, बलेवा, नारायणस्थान लगायतका ठाउँका नागरिकले पनि स्वास्थ्य परीक्षण गराएका छन्। परीक्षणका लागि आएकामध्ये करिब २५ जना बालबालिकाहरू रहेका थिए। स्वास्थ्य परीक्षणसँगै बिरामीहरूलाई निःशुल्क रूपमा औषधि वितरण पनि गरिएको थियो। फोक्सोको औषधि निःशुल्क रूपमा नै वितरण गरिएको थियो भने स्वास्थ्य बिमा गरी अन्य समस्या देखिएका बिरामीहरूलाई स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत औषधि वितरण गरिएको छ। उपचार गराएकाहरूमध्ये ८० जना बिरामीहरूको थप परीक्षण गर्नुपर्ने पाइएको छ। एक दिने शिविर भए पनि लामो समयदेखि छाती सम्बन्धी समस्या भएका र आर्थिक अभावका कारण उपचार गर्न पोखरा काठमाडौं लगायतका सहरमा रहेका सुविधाजनक अस्पतालमा जान नसक्ने विपन्न, असहाय तथा ज्येष्ठ नागरिकहरूले केही हदसम्म भए पनि राहत महसुस गरेका थिए। शिविर सञ्चालनका लागि पर्वत जेसीज र इनरह्वील क्लब अफ पर्वतले पनि सहयोग गरेका थिए।

## जाडोमा नानीबाबुहरुको यसरी गर्नुहोस हेरचाह।

https://hd.gandaki.gov.np/list/news/jadama-nanabbharaka-yasara-garanahasa-haracaha

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


## रक्तदानलाई लिएर विश्वभर रहेका १२ भ्रम र सत्य

https://hd.gandaki.gov.np/list/news/rakatathanalii-lera-vashavabhara-rahaka-bharama-ra-sataya



गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय अन्तर्गतको गण्डकी आयुर्वेद औषधालय, कास्की र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा योगाभ्यास तथा जिज्ञासा र छलफल सहित पोखराको नयाँबजार स्थित प्रदर्शनी केन्द्रमा नवौं राष्ट्रिय योग दिवस मनाइएको छ।



पोखरा महानगर, कास्कीका शैक्षिक प्रशासन महाशाखा एवं स्वास्थ्य महाशाखा प्रमुख हेम प्रसाद आचार्यको अध्यक्षता तथा महानगर प्रमुख धनराज आचार्यको प्रमुख आतिथ्यतामा संचालित उक्त कार्यक्रमका प्रमुख योग प्रशिक्षक डाक्टर महेश्वर भट्ट रहनुभएको थियो। उक्त कार्यक्रममा प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्र, स्वास्थ्य निर्देशनालयका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका चिकित्सा महाशाखा प्रमुख डाक्टर रमेश कुमार के.सी., स्वास्थ्य कार्यालय, कास्कीका प्रमुख राम बहादुर नेपाली, गण्डकी आयुर्वेद औषधालय, कास्कीका प्रमुख डाक्टर कुमार कासुला, महानगरका विभिन्न वडाका जनप्रतिनिधिहरू, मन्त्रालय, महानगर र अन्तर्गतका कार्यालयका विभिन्न कर्मचारीहरु लगायत स्थानीयको उपस्थिति रहेको थियो।



यसैगरि "गरौ योग रहौ निरोग" भन्ने नाराका साथमा धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङ्गको आयोजनामा पनि राष्ट्रिय योग दिवस २०८० भव्यताका साथ मनाईएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार



यसैगरि "गरौ योग रहौ निरोग" भन्ने नाराका साथमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, स्याङ्गजाको आयोजनामा पनि राष्ट्रिय योग दिवस २०८० भव्यताका साथ मनाईएको छ।

## जाडोमा आगो 🔥ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय—समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलर लामो समयसम्म बाथरुममा बस्ने नगरौं।

आठ रोगको उपचारमा १ लाखदेखि ४ लाखसम्म सहुलियत, कहाँबाट कसरी पाइन्छ ?




## नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana

# साप्ताहिक समाचारपत्रिका

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




घार स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा बिद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत अन्नपूर्ण गाँउपालिकामा रहेको पोखरे आ.वि.पोखरेबगर बिद्यालयमा बिद्यार्थीहरुको सामान्य बृद्धि अनुगमनका साथै आँखा, कान तथा दाँतको स्वास्थ्य स्तिथि मुल्यांकन गरी उपयुक्त परामर्श, उपचार तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



फलेवास नगरपालिका वार्ड नं ९ भंगरा स्थित भंगरा स्वास्थ्य चौकीले दिने मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा अन्तर्गत तेस्रो पटकको सुत्केरी जाँचका लागि गृहभेट कार्यक्रम नियमित रुपमा संचालन भएको छ।



बडिगाड गाउँपालिका, बाग्लुङ्गको आयोजनामा बिधालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत पालिका स्तरिय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। बडिगाड गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत चेतनारायण भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउँपालिका भित्र रहेका माध्यामिक बिधालय र आधारभुत बिधालय तहबाट स्वास्थ्यका बिषयसंग सम्बन्धी पोषणको फोकल पर्सन, शिक्षक तथा शिक्षिकाहरु गरि २५ जनाको उपस्थिति रहेको थियो। कार्यक्रममा किशोरीहरुले खाने आइरन तथा फोलिक एसिड खुवाउने चरण, महिना, यस्को मात्रा र महत्त्वको बारेमा जानकारी गराईएको थियो, अर्धबार्षिक रुपमा खुवाउने जुकाको औषधिको बारेमा बिस्तृत छलफल भएको उक्त तालिमको सहजिकरण बडिगाड गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरिक्षक हेम पुन र डिल बहादुर के.सी.ले गर्नुभएको थियो।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार




जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीको आयोजनामा सडक सुरक्षा सचेतना अभिवृद्धि गरी सडक दुर्घटनालाई न्युनिकरण गर्ने उदेश्यले कास्की जिल्लाका विभिन्न स्थानहरुमा चालक, ब्यबसायी एवं सवार यात्रुहरुलाई लक्षित सडक सुरक्षा कार्यक्रम संचालन गरि सडक सुरक्षा सम्बन्धमा सचेतना कार्यक्रम संचालन भएको छ।



शहिद लखन गाउँपालिका, गोरखाको आयोजनामा स्वास्थ्यकर्मिहरुको लागि रमाईलो बनभोज कार्यक्रम संचालन भएको छ।



भुलभुले स्वास्थ्य चौकी, डादी, लमजुङ्गको आयोजनामा पुर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई २ दिने गर्भवती दर्ता तथा अनुगमन तालिम संचालन भएको छ।



रघुगंगा गाउँपालिका, म्याग्दीको आयोजनामा क्षयरोग कार्यक्रमको कोहर्ट विश्लेषण तथा आ.ब. २०८०/८१ को अर्ध-वार्षिक समिक्षा गोष्ठी संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार



दगातुन्डाडा स्वास्थ्य चौकी, बाग्लुंगको आयोजनामा कालिका प्रा.बि., बरपोखरामा व्यक्तिगत सरसफाइ सम्बन्धि बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



मंगला गाउँपालिका, म्याग्दी स्वास्थ्य शाखाको आयोजनामा अर्मन स्वास्थ्य चौकिमा नवजात शिशु तथा वालरोगको व्यवस्थापन सम्वन्घि स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ। मालिका गाउँपालिका, दरवाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रका यमन नेपालीको मुख्य सहजिकरण कार्यक्रम संचालन भएको छ।




## मानसिक स्वास्थ्य : सबैको अधिकार




## यूरिक एसिड नियन्त्रण गर्ने शीर्ष ७ खानेकुरा

https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार




"गरौ योग रहौ निरोग" भन्ने नाराका साथमा जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र, गोरखा र म्याग्दीको आयोजनामा राष्ट्रिय योग दिवस २०८० विभिन्न कार्यक्रमको आयोजना गरि भव्यताका साथ मनाईएको छ।









जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र नवलपरासी (ब.सु.पूर्व) को आयोजनामा राष्ट्रिय योग दिवस २०८० विभिन्न कार्यक्रमको आयोजना गरि भव्यताका साथ मनाईएको छ। आफ्नै कार्यालय परिसरमा नवौं राष्ट्रिय योग दिवस मनाएको छ। स्थानीय जना प्रतिनिधि, स्थानीय जनता तथा कार्यालयका कर्मचारीहरुका बीच उक्त कार्यक्रम सञ्चालन भएको हो। योग प्रशिक्षण कार्यक्रम कार्यालयका प्रमुख डाक्टर सुजाता शर्मा तथा कर्मचारीहरुबाट सञ्चालन भएको थियो।

**महिला स्वास्थ्य स्वयंम सेविका (FCHV) सम्बन्धि जानकारी मूलक भिडियो**

https://www.youtube.com/watch?v=SfrrijMdiBg

**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश मातहतको संक्रामक तथा सरुवा रोग अस्पताल, कास्की स्वास्थ्य बीमा कार्यक्रममा सूचीकृत भएको छ।**

**एचआईभी र एड्सः सामान्य जानकारी**

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार


## धौलागिरी अस्पतालको ६५ औं वार्षिकोत्सव सम्पन्न



धौलागिरी अस्पताल, बागलुङको आयोजनामा ६५ औं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न भएको छ । २०१५ सालमा डिपेन्सरी सेवा सहित स्थापना भएको धौलागिरी अस्पतालले हाल विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ। बागलुङ नगरपालिकाका नगरप्रमुख बसन्त कुमार श्रेष्ठले शुभकामना मन्तब्य दिनुभएको थियो। उहाँले धौलागिरी अस्पताल र नगरपालिका बीच थप समन्वय गरी प्रदेशमानै उत्कृष्ट बनाउन आफ्नो तर्फबाट कुनै कसर बाँकी नराख्ने र अस्पताललाई मेडिकल कलेजको रुपमा स्थापनालागि पहल कदमी गर्ने प्रतिवद्वता व्यक्त गर्नुभएको थियो। वार्षिकोत्सवको अवसरमा अस्पतालमा कार्यरत रही उत्कृष्ट सेवा प्रदान गर्ने ८ जना स्वास्थ्यकर्मी र कर्मचारीलाई सम्मान गरिएको थियो। सम्मान हुनेमा स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर विजय ओझा, मेडिकल अधिकृत डाक्टर नकुल रेग्मी, बरिष्ठ नर्सिङ अधिकृत शान्ती भण्डारी, अहेब दुर्गा श्रीष, ल्याब असिस्टेण्ट लाल कुमारी बस्नेत, सहयाक लेखापाल ध्रुव प्रसाद सुवेदी, मेडिकल रेकर्डर नवराज पौडेल र कार्यालय सहयोगी राज कुमारी थापा रहनुभएको छ। कार्यक्रम धौलागिरी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष नारायण पप्रसाद शर्मा पौडेलको अध्यक्षता, प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डाक्टर रबि रंजन प्रधानको स्वागत तथा मेडिकल रेकर्डर नवराज पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो।



आधारभूत स्वास्थ्य सेवा केन्द्र, खर्बांग, बाग्लुङ्गको आयोजनामा नियमित रुपमा घरदैलो सुत्केरी र नवजात शिशु स्वास्थ्य जाँच सेवा संचालन भैरहेको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार




कालीगण्डकी गाउँपालिका, स्याङ्गजाको आयोजनामा "स्वस्थ तथा रिष्टपुष्ट बालबालिका हाम्रो पहिचान पोषण मैत्री पालिका निर्माण हाम्रो अभियान" भन्ने नाराका साथ वडा नं. ६ श्रीकृष्णगण्डकी स्वास्थ्य चौकीमा गर्भवती, सुत्केरी तथा मध्यम कुपोषण बच्चाका लागि अण्डा वितरण कार्यक्रम शुरुवात गरिएको छ। साथै श्रीकृष्णगण्डकी स्वास्थ्य चौकीको आयोजनामा कालीगण्डकी गाउँपालिका वार्ड नं ६ सदस्य सरस्वती रानाको अध्यक्षता र कालीगण्डकी गाउँपालिका अध्यक्ष एबम गाउँपालीका राष्ट्रिय महासंघका महासचिव खिम बहादुर थापाको प्रमुख अतिथ्यमा २८ बर्ष लामो समय सम्म सामुदायिक महिला स्वास्थ्य स्वयम् सेबिका भएर निस्वार्थ रुपमा खटिने चम्पाकली न्यौपानेलाई विदाई साथै सम्मान कार्यक्रम समेत संचालन भएको छ।




## बागलुङमा प्रभावकारी बन्यो 'प्रसूति प्रतिक्षा घर'



केही वर्षअघिसम्म घरमै सुत्केरी हुने गरेका बागलुङका गर्भवती अहिले समयअगावै स्वास्थ्य संस्था पुग्ने गरेका छन्। जिल्लाका स्वास्थ्य चौकीमा 'प्रसूति प्रतिक्षा घर"को व्यवस्था गरिएपछि यहाँका सुत्केरी र गर्भवतीलाई यसबाट राहत मिलेको छ। स्थानीय पालिका र ग्रामीण स्वास्थ्य सुधार परियोजनाको साझेदारीमा बागलुङका २२ बर्थिङ सेन्टर रहेका स्वास्थ्य संस्थामा प्रसूति प्रतिक्षा घरको व्यवस्था गरिएको छ। सुत्केरी हुनुअगावै स्वास्थ्य संस्थामा कुरुवासहित खाना खाने र बस्ने व्यवस्था मिलाइएको छ। पछिल्लो समय बागलुङमा पकाएर खाने र बस्ने सुविधासहितको प्रसूति प्रतिक्षा घरले सहज भएको छ । खर्च र समयको बचत भएको छ। प्रसूति प्रतिक्षा घर यहाँका गर्भवती सुत्केरी हुनकै लागि कुश्मिसेरा तथा बागलुङ बजार जानुपर्ने बाध्यता थियो।

## आठ रोगको उपचारमा १ लाखदेखि ४ लाखसम्म सहुलियत, कहाँबाट कसरी पाइन्छ ?

https://hd.gandaki.gov.np/list/news/aatha-ragaka-upacarama-lkhathakha-lkhasamama-sahalyata-kahabta-kasara-painachha

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार




पर्वत अस्पताल, पर्वतको आयोजनामा राष्ट्रिय भुकम्प सुरक्षा दिवसको अबशरमा पर्वत जिल्ला स्थित सुरक्षा निकायको समन्वयमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भुकम्प लगायत अन्य बिपत जोखिम न्यूनीकरण ब्यबस्थापनको लागि अभ्यास (MOCK DRILL) संचालन भएको छ। पर्वत अस्पतालमा सुरक्षाकर्मीहरूका सवारीले रोइरहेका मानिसहरू बोकेर आइरहेका थिए। सवारीमा राखिएका व्यक्तिहरू ’ऐया, अमा मरें, ‘मलाई बचाऊ" भन्दै रोइरहेका थिए। कुनै घटनामा परेर घाइते भएका जस्ता उनीहरूका शरीरका विभिन्न भागबाट रक्तस्राव भइरहेको जस्तै देखिन्थ्यो। सुरक्षाकर्मीले घाइतेलाई थप पीडा हुन नदिने गरी विस्तारै सवारी चलाएका थिए भने ’स्ट्रेचरमा राखिएका व्यक्तिहरूलाई पनि शरीरमा लागेको चोटअनुसारको ’पोस्चरमा मिलाएर राखिएको थियो। सुरक्षाकर्मीले हतार हतार गर्दै पर्वत अस्पतालको आकस्मिक कक्षमा उनीहरूलाई लगे। अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरू एकाएक शय्यामा घाइतेलाई राख्दै उपचारमा लागे। यो बेलासम्म आकस्मिक कक्षमा अस्पताल आसपासका बासिन्दाको भिड लागिसकेको थियो। सुरक्षा निकायले अस्पतालका केही चिकित्सकलाई मात्रै घाइतेहरूको उद्धारको अभ्यासको लागि आफूहरूले ’डेमो अभ्यास गर्न लागेको र सोही क्रममा केही सुरक्षाकर्मीहरूलाई घाइतेजस्तै बनाएर अस्पतालमा ल्याउन लागेको जानकारी गराएको थियो। यही कारण पनि अस्पतालमा कार्यरत केही स्वास्थ्यकर्मीहरुले साँच्चिकैको घटनाका घाइतेहरू ठानेका थिए। बडागाउँमा रहेको सशस्त्र प्रहरी बल नं२५ गण हेडक्वार्टरमा भूकम्प जाँदा भौतिक संरचनाहरू कसरी ढल्छन् र त्यसमा मानिस कसरी घाइते हुन्छन् भन्ने देखाइएको थियो। भूकम्पमा घाइते भएकाहरूलाई अस्पतालसम्म कसरी लैजाने र उनीहरूको स्वास्थ्य थप असर हुन नदिन गरी कसरी उद्धार गर्ने भन्ने बारेमा देखाउन नक्कली घाइतेहरूलाई सशस्त्र प्रहरीको गणबाट अस्पतालमा ल्याइएको हो। अभ्यासमा खटिएका सशस्त्र प्रहरी नायव निरीक्षक हेमबहादुर गुरुङले सुरक्षाकर्मीले गरेको अभ्यास साँच्चिकैको घटनाजस्तै भएको र अस्पतालले गरेको ’रेस्पोन्स पनि राम्रो रहेको बताउनु भएको छ। यो अभ्यासले सुरक्षाकर्मीहरूलाई अभ्यस्त बनाउनुका साथै यससँग जोडिएका सरोकारवालाहरूलाई पनि जुनसुकै बेलामा पनि तयारी अवस्थामा रहन सजिलो पार्ने बताउनु भएको छ। उद्धारमा प्रयोग भएका सवारीहरूले साइरन बजाउँदै एकाएक अस्पतालमा छिर्दा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई दु:खको बेलामा सम्हालिएर कसरी काम गर्ने भन्ने सिकाई भएको पर्वत अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर हेमन्त बास्तोलाले बताउनु भएको छ।बाढी, पहिरो, भूकम्पलगायतका दैवी प्रकोपको बेलामा धेरै सङ्ख्याका घाइते एकैपटक अस्पतालमा आउन सक्ने र त्यो बेलामा आफूलाई सम्हाल्दै सबैलाई कसरी सेवा दिने भन्ने सिक्नका लागि पनि अभ्यास राम्रो रहेको वहाँको भनाइ छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




अधिकारीचौर स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा महिला सामुदायक स्वास्थ्य स्वम सेबिकाहरुको पौष महिनाको मासिक बैठक सम्पन्न भएको छ।



फलेवास नगरपालिका, पर्वत वार्ड नं ९, भंगरामा रहेको श्री ग्रामोदय मा.वि.मा रक्तअल्पता रोकथामका लागि किशोरीहरूलाई आइरन र फोलिक एसिड वितरण कार्यक्रम संचालन भएको छ। यो कार्यक्रमले किशोरीहरूमा रक्त अल्पता घटाई शारिरीक तथा बौद्धिक क्षमतामा सुधार ल्याउनुको साथै भविश्यमा हुने गर्भावस्थाको परिणाममा पनि सुधार ल्याइ अन्तरपुस्ता पोषण चक्रमा सकारात्मक प्रभाव पार्छ।



कुश्मा नगरपालिका-८ चुवा, पर्बतमा साबिक ९ वटै वडामा स्वास्थ आमासमुह पुनर्गठन कार्यक्रम सम्पन्न भएको छ।



दोस्रो चरणको पहिलो हप्ताका १० देखि १९ बर्ष सम्मका किशोरीहरुलाई ऋषिङ्ग गाउँपालिका वडा-२ अन्तर्गत ग्वास्लुङ् गाउँका किशोरीहरुलाई आइरन तथा फोलिक एसिड खुवाउने कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार




आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ्ग, बाग्लुङ्गले सुत्केरी र नवजात शिशु स्वास्थ्य जाँच सेवाका लागि घरदैलो कार्यक्रम संचालन गरेको छ।



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, म्याग्दीको आयोजनामा नवौ राष्ट्रिय योग दिवस भव्य रुपमा मनाईएको छ। जिल्ला प्रशासन कार्यालय, म्याग्दीको समन्वयमा प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यत्यतामा आयुर्वेद व्यवस्थापन तथा संचालन समितिका अध्यक्ष जिवन बहादुर बिश्वकर्मा अध्यक्षतामा संचालित उक्त कार्यक्रममा सैनिक प्रमुख, प्रहरी नायव उपरीक्षक, वेनी नगर पालीकाका प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्ष र पत्रकार महासंघ म्याग्दीका सचिव र पुर्व अध्यक्ष र योग साधकको उपस्थिति रहेको थियो।




**जाडोमा निमोनियाः बेवास्ता गरे ज्यानमारा हुनसक्छ।**

https://hd.gandaki.gov.np/list/news/jadama-namanaya-bvasata-gara-jayanamara-hanasakachha

# साप्ताहिक समाचारपत्रिका

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना एवं स्वास्थ्य कार्यालय, स्याङ्गजा र गल्याङ्ग नगरपालिकाको समन्वयमा गल्याङ्ग नगर अस्पताल, स्याङ्गजाको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखा सम्पन्न भएको छ। गल्याङ्ग नगर अस्पताल, स्याङ्गजाको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखामा ३७% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, स्याङ्गजा जिल्ला अस्पताल, स्याङ्गजाका मेशु डाक्टर रुक्मिणा अधिकारि र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र न्युनतम सेवा मापदण्ड कार्यन्वयन अधिकृत उर्मिला बरालको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कार्यक्रमम गल्याङ्ग नगरपालिका प्रमुखको प्रमुख उपस्थिति, गल्याङ्ग नगरपालिका-७ का वार्ड अध्यक्षको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत, ब्यबस्थापन समितिका सदश्यहरु, स्वास्थ्य शाखा प्रमुख, अस्पतालका प्रमुख तथा कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो।

**आठ रोगको उपचारमा १ लाखदेखि ४ लाखसम्म सहुलियत, कहाँबाट कसरी पाइन्छ ?**

https://hd.gandaki.gov.np/list/news/aatha-ragaka-upacarama-lkhathakha-lkhasamama-sahalyata-kahabta-kasara-painachha



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना एवं स्वास्थ्य कार्यालय र रुपा गाउँपालिका, कास्कीको समन्वयमा बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको अभिमुखीकरण गोष्ठी संचालन भएको छ। कार्यक्रमका स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको प्रमुख उपस्थिति रहेको उक्त कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा, जनस्वास्थ्य अधिकृतहरु रबिना ठगुन्ना र कमल रानाभाट, प्रशासन अधिकृत कृष्ण प्रसाद पनेरु, रुपा गाउँपालिका, स्वास्थ्य शाखा प्रमुख रामचन्द्र ओझा, शिक्षा शाखा प्रमुख सन्दिप पौडेल, स्वास्थ्य कार्यालय, कास्कीका कार्यक्रम संयोजक याम बराल, पालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरु र शिक्षकहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका जनस्वास्थ्य अधिकृतहरु रबिना ठगुन्ना र कमल रानाभाट, स्वास्थ्य कार्यालय, कास्कीका कार्यक्रम संयोजक याम बराल लगायतले गर्नुभएको थियो।

**राष्ट्रिय योग दिवसको सन्देश !!!**

https://hd.gandaki.gov.np/list/news/rashhataraya-yaga-thavasaka-sanathasha

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार





अमलाचौर स्वास्थ्य चौकी, बागलुङको आयोजनामा नियमित खोप सङ्गै सरसफाई प्रबर्द्धन कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना एवं रुपा गाउँपालिका, कास्कीको समन्वयमा रुपाकोट अस्पताल, कास्कीको एकिकृत अनुगमन सम्पन्न भएको छ। गण्डकी प्रदेश सरकारले प्रदेश भित्र भएका सबै नगर अस्पतालको न्युनतम मापदण्ड कार्यक्रम लागु गर्ने लक्ष्य बमोजिम रुपाकोट अस्पताल, कास्कीको अनुगमन गरेको हो। स्वास्थ्य निर्देशानलय, गण्डकी प्रदेशले सबै जिल्ला अस्पतालको पहिलो चरणको न्युनतम सेवा मापदण्ड सम्पन्न गरिसकेको छभने पालिका अन्तर्गतका १५ वटा नगर अस्पतालको समेत सम्पन्न भईसकेको छ।



उक्त अनुगमन कार्यक्रमका स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा, प्रशासन अधिकृत कृष्ण प्रसाद पनेरु, रुपा गाउँपालिका, स्वास्थ्य शाखा प्रमुख रामचन्द्र ओझा लगायतका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

## Severity and Clinical Outcome of COVID-19 Patients Admitted at a Provincial Infectious and Communicable Disease Hospital of Nepal: A Cross-Sectional Study

https://hd.gandaki.gov.np/list/report/severity-and-clinical-outcome-of-covid-19-patients-admitted-at-a-provincial-infectious-and-communicable-disease-hospital-of-nepal-a-cross-sectional-study?fbclid=IwAR2Mr3Nl61uNp9b1wtROeBRODgt0_ubqn0ImHpd_6tbourvXT05gYmKC3tw

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार




पर्बत अस्पताल, पर्बतमा चालू आर्थिक वर्षको साउनमा ६ वटा, भदौमा १३ वटा, असोजमा १४ वटा, कार्त्तिकमा तीन वटा, मङ्सिरमा नौ वटा र पुसमा सात वटा गरी कुल ५२ वटा शल्यक्रिया भएका छन्।



स्वास्थ्य तालिम केन्द्र, पोखराको आयोजनामा गण्डकी प्रदेश भित्रका आयुर्वेद चिकित्सकहरुका लागि ४५ दिने क्षार सूत्र तालिम कार्यक्रम सम्पन्न भएको छ।






भुलभुले स्वास्थ्य चौकी, लमजुङ्गको आयोजनामा किशोरीहरूलाई आईरन र फोलिक एसिड वितरण सँगै स्वास्थ्य शिक्षा कार्यक्रम महेन्द्रदेव मा.वि.,तरान्चेमा सम्पन्न भएको छ।



सामुदायिक प्रहरी सेवा केन्द्र, अम्बोट पर्वतको आयोजनामा मोदी गाउँपालिका-५, अम्बोटमा यात्रुहरु, चालक, सह-चालक, स्थानिय बासिन्दाहरुको उपस्थितीमा सडक सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार




बडिगाड गाउँपालिका, बाग्लुंगको आयोजना र नेपाल नेत्र ज्योती संघ, हिमालय आँखा अस्पताल पोखरा र धवलागिरी आँखा अस्पताल बगलुङको प्राविधिक सहयोगमा आँखा शिबिर संचालन भएको छ। शिविरको उद्घाटन कार्यक्रम वडा न ५ का वडा अध्यक्ष बिष्णुप्रशाद आचार्यको अध्यक्ष्यतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथि बडिगाड गाउँपालिका अध्यक्ष्य गण्डकी थापा अधिकारिले शिबिरको उद्घाटन गर्नु भएको थियो। कार्यक्रममा बडिगाड गाउँपालिका उपाध्यक्ष्य भिमसेन वनको विशिष्ट आतिथ्यता, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु नेपाल नेत्र ज्योती संघ बागलुङ शाखा, धवलागिरी आँखा अस्पताल बागलुङका अध्यक्ष बिन्दुसागर राजभण्डारि लगाएत अन्य प्राविधिक कर्मचारि, हिमालय आँखा अस्पतालका डाक्टर अनिल पराजुली, अप्थाल्मिक अफिसर गोबिन्दराज योगि लगाएतका बिशिष्ठ ब्यक्तिवहरुको उपस्थितिमा सन्चालन भएको कार्यक्रममा बडिगाड गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत चेतनारायण भण्डारीको स्वागत मन्तब्यबाट शुरु भएको थियो। उद्घाटन कार्यक्रमको समापन वडा न ५ का वडा अध्यक्ष बिष्णुप्रशाद आचार्यले गर्नु भएको थियोभने कार्यक्रम सन्चालन बडिगाड स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक डिल बहादुर के.सी.ले गर्नुभएको थियो।



सामुदायिक प्रहरी सेवा केन्द्र, अम्बोट पर्वतको आयोजनामा मोदी गाउँपालिका-६ रातमाटामा समाजसेवी प्रकाश खड्काको अध्यक्षतामा स्थानिय मानिसहरु, समाजसेवी, महिला समुहहरुको उपस्थितिमा आत्महत्या रोकथाम सम्बन्धी कार्यक्रम संचालन भएको छ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङको पुष महिनाको नियमित मासिक समीक्षा बैठक सम्पन्न भएको छ। स्वास्थ्यकर्मिहरुको उपस्थितिमा बैठक बसि मासिक प्रतिबेदन HMIS 9.3 र LMIS सम्बन्धि छलफल गर्नुको साथै किशोरीहरुलाई दोश्रो चरणको IFA फोकल ब्यक्तिले खुवाउने र स्वास्थ्यकर्मीले अनुगमनको गर्ने गरि निर्णय भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार





सुनौलो १००० दिनका आमाहरुलाई पोषण कोशेली बितरण कार्यक्रम अन्तर्गत आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङमा सुत्केरी हुनु भएका २४ जना महिलाहरुलाई पोषण कोशेली वितरण कार्यक्रम सम्पन्न भएको छ।




**मानसिक स्वास्थ्य : सबैको अधिकार**



आधारभुत स्वास्थ्य सेवा केन्द्र, दर्लिङमा मासिक बैठक संचालन भएको छ।



धौलागिरी आयुर्बेद औषधालय बागलुङमा मलद्वार (anorectal ) सम्बन्धी रोगहरुको चिकित्सा सेवा उपलब्ध छ।

**बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ ।**

# साप्ताहिक समाचारपत्रिका

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



बडिगाड गाउँपालिका, बाग्लुङ्गको आयोजना र नेपाल नेत्र ज्योती संघ, हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा संचालन भएको आँखा शिबिर सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, कास्कीको आयोजनामा DMT सम्बन्धि तालिम संचालन भएको छ।



मणिपाल शिक्षण अस्पतालमा कार्यरत शल्यचिकित्सक तथा अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई दुईदिने ल्याप्रास्कोपी तालिम प्रदान गरिएको छ।

## जानी राखौं ।

१. स्वास्थ्य बिमामा सह भुक्तानी के हो ?

- कुल उपचार खर्चको १०% बिरामिले नै तिर्ने पद्धति ।

२.कुन कुन अवस्थामा सह भुक्तानी लागू हुँदैन ?

- इमर्जेन्सी, PHC, २५ बेडका अस्पताल, सरकारले निःशुल्क बिमा गरिदिएका बिरामीहरु ।

३. कुन बर्गलाई सहभुक्तानी को १०% रकम तिर्न पर्दैन ?

- अति गरिब, ७० बर्ष माथिका नागरिक, अति अशक्त (अपाङ्ग), HIV रोगी, जटिल क्षयरोगि, कुष्ठरोगी, महिला स्वास्थ्य स्वयंसेविका।



दुदिलाभाटी स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम टोड्केमा संचालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार




गण्डकी आयुर्बेद औषधालय, कास्कीमा स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी शतावरी निःशुल्क वितरण तथा परामर्श सेवा निरन्तर उपलब्ध छ ।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा सस्थाको Implementation phase समाप्ति संगै उपलब्धि, आगामी कार्यदिशा तय तथा SBMP को समिक्षा कार्यक्रम सम्पन्न भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



वृद्धि अनुगमन कार्यक्रम @ दर्लिङ्ग स्वास्थ्य चौकी, बाग्लुङ्ग



प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यता तथा पतंजली योग समितिको योग अभ्यास, मुलसमारोह समितिको आयोजना, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पर्वतको उपस्थितिमा नवौं रास्ट्रिय योग दिवस "गरौं योग, रहौं निरोग" भन्ने नाराका साथ मनाइएको छ।

स्वास्थ्य निर्देशनालय सम्बन्धि गुनासो तथा सुझावका लागि https://hd.gandaki.gov.np/feedback

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार





बागलुङ नगरपालिका, स्वास्थ्य शाखाको आयोजनामा अमलाचौर स्वास्थ्य चौकी, बागलुङमा गर्भवती महिलाहरुलाई निशुल्क भिडियो एक्सरे सेवा कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङ आयोजनामा स्वास्थ्यकर्मिहरुका लागि क्षयरोगको आधारभुत तालिम सम्पन्न भएको छ ।उक्त कार्यक्रम स्वास्थ्य कार्यलय बागलुङका प्रमुख बाबुराम आचार्यको अध्यक्षता, जनस्वास्थ्य अधिकृत प्रविण शर्माको मन्तब्य सहित सेभ द चिल्ड्रेन ग्लोवल फण्डका गण्डकी प्रदेश कोअर्डिनेटर राजेश यादव, ल्याव टेक्निशियन डिल्लि प्रसाद आचार्य र क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरेले सहजिकरणमा सम्पन्न भएको छ।



प्रहरी चौकी, देउपुर डिमुवा पर्वतको आयोजनामा  मोदी-२ कुरुङगामा समाजसेवी सुनिता गुरुङको अध्यक्षतामा लागु औषध नियन्त्रण सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन भएको छ।



काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँ अन्तर्गतको सुकेपोखरी स्वास्थ आमा समूहको नियमित मासिक बैठक सम्पन्न भएको छ। जसमा वालवालिकाको वृद्धिविकासको नियमित अनुगमन साथै गर्भवती आमा तथा वालवालिकाको पोषण अवस्था बारे अनुगमन छलफल भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार





प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेशको आयोजना र Save the Children को सहकार्यमा Provincial Malaria Lab Technical Committee Meeting सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्रले गर्नुभएको थियो भने सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर बिनोद बिन्दु शर्माको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा कास्की जिल्लाका निजी तथा सरकारी स्वास्थ्यसेवा प्रदायक संस्थाका प्रतिनिधिहरु, मलेरिया फोकल व्यक्ति, save the childrenका पदाधिकारी, WHO का पदाधिकारी आदिको सहभागीता रहेको थियो। सो कार्यक्रममा गण्डकी प्रदेशको Provincial Malaria Lab Technical Committee गठन भएको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा टिपियो नेपालको सहयोगमा रिसेप (RESHAPE) परियोजना अन्तर्गत गण्डकी प्रदेश सरकारद्वारा पर्वत र कास्की जिल्लाहरुमा सञ्चालित मानसिक स्वास्थ्य कार्यक्रमको १ दिने संक्षिप्त उपलब्धि तथा छलफल कार्यक्रम सम्पन्न भएको छ।



कार्यक्रममा सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्माको प्रमुख उपस्थिति रहेको थियोभने पर्बत र कास्कीका आठ वटा गाउँ/नगरपालिकाका प्रमुख/उपप्रमुखको विशिष्ट उपस्थिति रहेको थियो। स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको अध्यक्षतमा संचालित उक्त कार्यक्रममा स्वास्थ्य तालिम केन्द्रका निमित्त निर्देशक रमेश प्रसाद अधिकारि, सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य आपूर्ति ब्यबस्थापन केन्द्र, पालिकाका स्वास्थ्य शाखा प्रमुख, टिपियो नेपालका प्रतिनिधिहरुको समेतको उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्माले थियो।



# साप्ताहिक समाचारपत्रिका

अंक १७६, वर्ष ५, २०८० माघ ७, January २१, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा एकिकृत अनुगमन कार्यक्रम सम्पन्न भएको छ। कुश्मा नगरपालिका, पर्बत अन्तर्गतको चुवा स्वास्थ्य चौकी र अन्नपूर्ण गाउँपालिका, कास्की अन्तर्गतको लुम्ले आयुर्बेद औषधालय, कास्कीको अनुगमन संपन्न भएको हो।



कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, नबराज शर्मा, होग्रेथ भुर्तेल, कृष्ण प्रसाद पनेरु, स्वास्थ्य कार्यालय, कास्कीका लक्ष्मण बसौलाको उपस्थिति रहेको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा वालिङ नगरपालिका-१४ मा Malaria Falcifarm को बिरामी देखिएकोले वालिङ नगरपालिकाको समन्वयमा Case base Investigation र जनचेतना कार्यक्रम संचालन भएको छ।

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो । योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ ।**

## मानसिक स्वास्थ्य : सबैको अधिकार


**प्रधान सम्पादक**

**नवराज शर्मा**

**बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी**

स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश

(गुनासो तथा सुझावका लागि)

https://hd.gandaki.gov.np/feedback

bhumari80@gmail.com